# सुर्मा गाउँपालिका आ.व. २०७८। ०७९ को नीति तथा कार्यक्रम र बजेट।

**सूर्मा गाउँपालिका का अध्यक्ष महोदय,**
**सम्पूर्ण गाउँ सभा सदस्यज्यूहरु,**
**प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत सम्पूर्ण कर्मचारीहरु, पत्रकार मित्र, सुरक्षाकर्मी तथा उपस्थित महानुभावहरु।**

सर्व प्रथम म देशमा विभिन्न समयमा नेपालको स्वाभिमानका निमित्त र नेपालीहरुको स्वाभिमानका निमित्त भएका प्रजातान्त्रीक तथा लोकतान्त्रीक आन्दोलनहरुमा शाहदत प्राप्त गर्नु हुने ज्ञात अज्ञात विर शहिदहरु प्रति  भावपुर्ण श्रद्धान्जली अर्पण गर्न चाहान्छु। साथै विश्व महामारीको रुपमा फैलिएको कोभिड १९ वाट ज्यान गुमाउने प्रति हार्दिक श्रदासुमन व्यक्त गर्दै उक्त रोगबाट ग्रस्ति व्यक्तिको पुर्ण स्वास्थ्य लाभको कामना गर्न चाहान्छु।

यस सुर्मा गाउँपालिकाको  नवौं ऐतिहासिक गाउँसभाको उद्घाटन समारोहमा आर्थिक वर्ष २०७८।०७९ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवान्वित ठानेको छु। म र मेरो सिंगो टिमलाई यो महत्वपुर्ण जिम्मेवारी दिनु भएकोमा सम्पुर्ण सुर्मा वासी आदर्णीय  पूज्यनिय आमा वुवा दाजु भाई दिदि वहिनीहरु लगायत सम्पुर्ण महानभावहरु लाई स्मरण गरी आभार प्रकट गर्दै धन्यवाद दिन चाहान्छु।

यस गरीमामय एतिहासिक नवौं गाउँसभाको उद्घाटन समारोहोमा  उपस्थित अध्यक्ष महोदय, गाउँ सभाका पार्शद सदस्य ज्यु हरु राष्ट्रसेवक कर्मचारी मित्रहरु सुरक्षाकर्मी मित्रहरु   पत्रकार मित्रहरु, लगायत आ आपनो तह र तप्का वाट पाल्नु भएका  सम्पुर्ण महानुभावहरुमा हार्दिक स्वागत तथा नमस्कार व्यक्त गर्न चाहान्छु।

**अध्यक्ष महोदय, पार्शद सदस्य र अन्य उपस्थित महानभावहरु**

नेपालको संविधानले नेपालमा स्थानीय , प्रदेश  र संघ गरी तीन तहको सरकार रहने व्यवस्था गरेको छ। सोही अनुसार स्थानीय तहलाई सरकारको रुपमा संविधानले परिकल्पना गरे सँगै अव प्रत्येक स्थानीय तहमा केन्द्रमा जस्तै कार्यपालीका, न्यायपालीका र व्यवस्थापीका सम्वन्धी संवैधानीक व्यवस्था रहेको व्यहोरा यहाँहरुलाई विदितै छ। त्यसकारण  सुर्मा गाउँपालीका स्थानीय सरकार भैसकेकाले यस गाउँपालीकामा वसोवास गर्ने हरेक नागरीकको सेवामा कुनै आग्रह पुर्वाग्रह नराखी म र मेरो सम्पुर्ण टिमलाई सेवामा समर्पित रहने विश्वास समेत दिलाउन चाहान्छु।

अध्यक्ष महोदय, **पार्शद सदस्य र अन्य उपस्थित महानभावहरु**

१) सुर्मा गाउँपालिको परिचय

भूपरिवेष्ठित देश नेपालको  सुदुरपश्चिम प्रदेशको उत्तरी भागमा अवस्थित रहेको **बझाङ** जिल्लाको **उत्तरी** क्षेत्रको पहाडी भागमा यो **सुर्मा** गाउँपालिका अवस्थित रहेको छ। साविकका सुर्मा र दौलिचौर गा.वि.स मिलाएर हाल सुर्मा गाउँपालिका बनाइएको छ। रहन सहन ,लवाई खवाई रितिरिवाज ,परम्परा  ,भाषा सम्पूर्ण कुरा यी **दुई** गाविस विच मिलने भएकाले, यी दुई  गा.वि.स समावेश गरी एक गाउँपालिकाको रुपमा सिफारिस गरिएको थियो। मिति २०७३।११।२७ गते नेपाल सरकारद्वारा प्रकाशित खण्ड ६६, संख्या ५८ ,

नर वहादुर बोहरा
अध्यक्ष

Scanned with CamScanner

पाल राजपत्र भाग ४ को पृष्ठ नं ।३६० र ३६१ मा [illegible] पुनर्संरचनाको प्रतिवेदन अनुरुप यस सुर्मा गाउँपालिकाको जम्मा ५ वडा कायम गरी मालि[illegible] मा वि स कार्यालयलाई केन्द्रका रुपमा प्रस्तावित गरिएको थियो ।

- धार्मिक पर्यटकिय दृष्टिले अति महत्वपूर्ण क्षेत्रको रुपमा परिचित मालिक सुर्मा गाविस अन्तर्गत पर्ने **सुर्मा माता** लाई आधारमानी यस गाउँपालिकाको नामाकरण **सुर्मा** गरिएको हो।
- २०७० ८० वर्ग किमी क्षेत्रमा फैलिएको यस गाउँपालिकाको कुल जनसंख्या १०४५१ जना रहेको छ। समुद्र सतहबाट ४१४२ मी देखि ४००० **मी.को** उचाईमा रहेको यस सुर्मा गाउँपालिका बझाङ्ग जिल्लाको **पवित्र स्थलमा रहेको सुर्मा मन्दिरको समेत दर्शन गर्न पाईन्छ ।**

**भौगोलिक अवस्थिति:**

सिमाना:

| | |
|---|---|
| पुर्व | तल्कोट गाउँपालिका |
| पश्चिम | बुंगल नगरपालिका |
| उत्तर | साईपाल गाउँपालिका |
| दक्षिण | जयपृथ्वी नगरपालिका र छबिस पाथिभेरा गाउँपालिका |

फैलावट:

| | |
|---|---|
| अक्षांश | २९°३१'४८" देखि २९°३८'११" **उत्तरी अक्षांश सम्म** |
| देशान्तर | ८१°१४'२४" देखि ८१°२४'१२" **पुर्वी देशान्तर सम्म** |

*१) सुर्मा गाउँपालिकाको हावापानी तथा भु बनावट:*

*हावापानी र जलवायु*

- *यस गाउँपालिकाको हावापानी उष्ण प्रदेशिय देखि लिएर समशितोष्ण प्रदेशिय हावापानी भित्र पर्दछ। हिउदको समयमा ०° देखि १८° से सम्म रहन्छ भने गृष्म ऋतुमा अधिकतम तापक्रम ३०° से सम्म रहन्छ।*
- *भु बनावट:*
  - *यस गाउँपालिकाको भूगोल भिरालो र धेरै जसो कडा चट्टान र बनजंगलले घेरेको छ। कुनै ठाँउमा चिम्टयाईलो, पाङ्गो माटोका साथै धेरै जसो कंकटयुक्त माटो पाईन्छ। त्यसैले माटोको उर्वराशक्तिमा पनि विविधता पाईन्छ।*

- यस आ व मा सुर्मा गाउँपालीका बाट प्रवाह हुने सेवा सुविधा तथा बिकास निर्माणका क्रियाकलापको प्रभावकारीता र गुणस्तरीयता पुर्ण रुपमा सम्बोधन हुने कुरा र जनआकांक्षा पुरा हुने कुरामा बिश्वास दिलाउन चाहान्छु ।

**अध्यक्ष महोदय, पार्शद सदस्य र अन्य उपस्थित महानभावहरु**

नर बहादुर बोहरा

Scanned with CamScanner

अब म यस सुर्मा गाउँपालीकाको यस आर्थिक वर्ष २०७८।०७९ का लागी गाउँकार्यपालीका बाट पारित भई गाउँ सभामा पेश हुने निति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी भएको गाउँपालीकाको नीति , बजेट तथा कार्यक्रम तयारीको ढाँचाहरुलाई अनुसरण गरी यस गाउँपालीकाको बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा निम्न अनुसारका समग्र नीति तथा बिषयहरुलाई आधार लिएको छु ।

नेपालको संबिधान २०७२ मा व्यवस्था भएका नीति , मार्गदर्शक सिद्धान्त , मौलीकहक , अनुसुचि ८ र ९ मा उल्लेखनिय स्थानीय तहका अधिकार र साझा अधिकारका सुचिका विषय ।

नेपाल सरकारको आ.व.२०७८।०७९ को नीति तथा कार्यक्रम ।

नेपाल सरकारको आ.व.२०७८।०७९ को वजेट वक्तव्य ।

**यस गाउँपालीकावाट पारीत नीतिहरु ।**

अव यस सुर्मा गाउँपालीकाले अवलम्वन गरिने क्षेत्रगत नीति तथा कार्यक्रम संक्षेपमा प्रस्तुत गर्न चाहान्छु ।

## १) आर्थिक क्षेत्र :

### क) कृषि तथा पशुपालन

*१( यस गाउँपालिका अधिकांस जनताको मुख्य पेशा भनेको कृषि नै हो कृषि क्षेत्रको विकासको लागि कृषि क्षेत्रमा लगानी आवश्यक छ । त्यसैले कृषि सडक, सिंचाई सुविधा विस्तार, व्यवसायिक तालिम, प्राविधिक सहयोग गर्ने क्षेत्रमा लगानी गरिनेछ । कृषि क्षेत्रको व्यवसायीकरण र आधुनिकीकरण गर्दै यसलाई मर्यादित, सम्मानित एवं आकर्षक पेसाको रुपमा विकास गरिने छ । तुलनात्मक एवं प्रतिस्पर्धात्मक लाभको सम्भावना र भौगोलिक र पर्यावरणीय स्थिति अनुसार वडाहरुलाई विभिन्न खाद्यबस्तु उत्पादनको पकेट क्षेत्र निर्धारण गरी विशेष कार्यक्रम सञ्चालन गरिने छ । युवाहरुलाई कृषिमा आकर्षित गर्दै वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई समेत कृषि व्यवसायमा आवद्ध हुन प्रोत्साहित गरिने छ सोको लागि आवश्यक सहयोग र वातावरण तयार गरिने छ*

*३) कृषिको यान्त्रीकरणलाई प्रोत्साहन दिन सामूहिक र सहकारी कृषि प्रणालीको विकास गरिने छ । मल, बीउ, सिंचाइ, प्रविधि र कृषि उपजको बजारको सुनिश्चितता कायम गरिने छ । कृषि सहकारी मार्फत मल, वीउ र प्रविधी उपलब्ध गरी साना किसानहरुको आर्थिक सामाजिक सशक्तिकरण गरिने छ ।*

*४) घर वगैचा कार्यक्रम संचालन गरि स्वास्थ्य र बातावरण सुधारका लागि यस गाउँपालिका भरी १ मुख ५ रुख कार्यक्रम संचालन गरिनेछ । यसका लागि कागती तथा अन्य फलफुलको विरुवालाई प्राथमिकता दिईने छ । परिवारलाई बाह्रै महिना ताजा तरकारी उत्पादन गर्न प्रोत्साहन गरिनेछ । यसको शुरुवातको लागि यो आ.व. ०७८/०७९ बाट कम्तिमा ५ वटा वडामा शुरुवात गरिनेछ ।*

नर वहादुर वोहरा
अध्यक्ष

Scanned with CamScanner

८ परम्परागत बालि को मा जोड दि

९) उन्नत जातका गाई, भैंसी, बाख्रा लगायतका पशुपंक्षीहरुको उत्पादन तथा वितरण प्रवद्र्धन गर्न कार्यक्रम संचालन गरिनेछ।

१०) कृषि पेशालाई

तथा अत्याधुनिक कृषि औजारको प्रयोग तर्फ कृषकहरुलाई विशेष सहुलियत प्रदान गरी उत्पादनमा वृद्धि गर्ने नीति अवलम्वन गरीने छ।

११ (

मासुजन्य उत्पादनमा जोड दिईनेछ र उन्नत जातका पशुपालनमा विशेष सहुलियत प्रदान गरीने नीति अवलम्वन गरीने छ।

१२) कृषि विकासमा संलग्न निकाय संस्था संग समन्वय र सहकार्य गरि कृषि विकासमा एकद्धार प्रणाली अपनाईनेछ।

१३) एक घर एक टनेल हाउसको अवधारणा निति अवलम्वन गरिने छ।

१४) युवाहरुलाई कृषिमा आकर्षित गर्दै वैदेशिक रोजगार बाट फर्केका र कोभिड १९ बाट प्रभाववित युवाहरुलाई सोको लागी आवश्यक सहयोग र वातावरण तयार गरिने छ।

**ख) उद्योग तथा वाणिज्य**

१ ( यस गा.पा.मा औधोगीक क्षेत्र स्थापना,सम्भाव्य उद्योग संचालनका लागि आवश्यक अध्ययन अनुसन्धान गरी कार्यान्वयनमा ल्याईने छ।

२) स्थानीय स्तरमा अल्लो, सिस्नु, वडु प्रशोधन, पाउरोटी, चाउमिन , हौजियारी सिलाई कटाई ,ह्राते कडाई, बुनाइ, मैनवत्ति, साबुन,धुप, नमकिन निर्माण,जस्ता साना तथा घरेलु उद्योगलाई प्रोत्साहन गर्न विशेष सहुलियत दिने नीति अवलम्वन गरी कार्यान्वयनमा जोड दिइने छ।

३ ) गाउँपालिका क्षेत्रमा संचालित उद्योग तथा व्यवसायीक फर्म, दर्ता नविकरण कार्य लाई व्यवस्थीत गर्ने नीति अवलम्वन गरीने छ।

४ ) सार्वजनीक,नीजि साझेदारीको सहकार्यमा जोडदिइनेछ।

५ ) केन्द्रबाट हस्तान्तरण हुने रकमबाट मात्र यस गा पालिकाको सम्पूर्ण विकास निर्माणका कार्य सम्पन्न गर्न असंभव भएकोले संविधानको अनुसुचि ८ को अधिनमा रहि स्थानिय तहमा संचालित ठूला तथा साना उद्योग तथा व्यसायलाई कानुनी दायरामा ल्याउन न्युन करको माध्यमबाट करको दायरा फराकिलो वनाई आन्तरिक आय संकलन गरिने छ।

नर बहादुर बोहरा
अध्यक्ष

Scanned with CamScanner

## ग) पर्यटन/संस्कृती

१) पर्यटकीय पाश्वचित्र तयार गरिने छ ।

२) पर्यटन तथा सेवा क्षेत्रको बिस्तार गर्दै रोजगारीका अवसरहरु सिर्जना o;} वर्ष भित्र यस सुर्मा गाउँपालिकालाई पर्यटकहरुको गन्तब्य स्थलको रुपमा पुर्वाधार विकास गरिनेछ । यसका लागि यस गाउँपालिका अन्तर्गत रहेको पर्यटकिय स्थल र संभावनाको पहिचान तथा बिस्तृत कार्य योजना निर्माणका लागि पर्यटन वोर्ड नेपाल लगाएत सरोकारवालाहरु संगको सहकार्यमा सम्भाब्यता अध्ययन गर्न विज्ञहरुको सहयोगमा दृष्य अवलोकन टावर, , लगायतका कार्यक्रमका लागि यसै वर्ष देखि कार्यथालनी गरिनेछ ।

३) स्थानीय धार्मीक स्थलको संरक्षण र संवर्द्धन गरिनेछ ।

४) परम्परागत चलि आएका देउडा, ढाँके नाच, भुवानाच ,छलिया नाच, मागल, फाग, दुस्को, परम्परागत पहिरन, परम्परागत लोकभाका र संस्कृतिको जगेर्ना गर्न सुर्मेली संग्राहलय स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

५) सुर्मा ताल, धनसेरा पाटन, जलजला पाटन, चाँदशिखर हिमाल,दहताल, सुर्मा मन्दिर ( धकुन्नाडा र घोगाडा),डाँडा लेक,सुनी पाटन,पार्थी,मधुखर्क जस्ता ऐतिहासिक क्षेत्रलाई पर्यटकिय स्थलका रुपमा विकास गर्न गुरु योजना निमार्ण गरीने छ ।

## घ) सहकारी

१) गाउँपालिका भित्रका सहकारी र वित्तिय संस्थालाई उत्पादनमुलक क्षेत्रमा लगानीको लागि प्रोत्साहन गर्न विषेश नीति अवलम्वन गरीने छ ।

२) हरेक सहकारीको विकासका लागि आवश्यक नियमन तथा अनुगमन ब्यबस्था गरिनेछ ।

४) सहकारीलाई गरिवी निवारण, रोजगारी सृजना र आर्थिक वृद्धिको मेरुडण्डको रुपमा विकास गरिनेछ ।

## ङ) वित्तिय क्षेत्र

१( सरकारी तथा निजीक्षेत्रको सहभागितामा भौतिक पूर्वाधारको विकास गर्न सार्वजनिक–निजी साझेदारीको अवधारणलाई प्रोत्साहित गरिनेछ । यसरी साझेदारी गर्दा ५० प्रतिशत गाउँपालिकाबाट र ५० प्रतिशत उपभोक्ता वा नीजि क्षेत्रबाट लगानी गरिने ब्यवस्था गरिने छ । २( साना पूर्वाधार निर्माणका लागि प्रोत्साहान गर्न गैर सरकारी क्षेत्र वा अन्य क्षेत्रवाट समेत लगानी गरेकामा समपुरक कोषका रुपमा केहि रकम गाउँपालिका ब्यहोर्ने गरी साझेदारीको कार्यक्रम अगाडी बढाईने छ ।

३) सामाजिक सुरक्षा भत्तालाई सर्वसुलभ रुपमा वितरण गर्न वित्तिय संस्थाहरुसंग समन्वय गरी घुम्ती वैंक संचालनका लागी पहल गरीने छ ।

नर बहादुर बोहरा
अध्यक्ष

Scanned with CamScanner

८) कुनै पनि उद्यम तथा व्यवसाय सञ्चालन गर्न चाहने व्यवसायिकलाई सहुलियत व्याज दर मा ऋण उपलब्ध गराइनेछ । विभिन्न निकायले भिन्ना भिन्नै समुहद्धारा सञ्चालन गरीएका घुम्तिको रकमको नियमन , अनुगमन र नियन्त्रण गरि थप प्रभावकारी बनाउनाको लागी उपयूक्त निति अवलम्वन गरिने छ ।

### २) सामाजिक विकाश

#### क) शिक्षा

१) नेपालको संबिधानले शिक्षालाई मौलीक हकको रुपमा स्थापीत गरीसकेको परिपेक्षमा सुर्मा गाउँपालिका बासी लाई गुणस्तरीय शिक्षामा पहुँच पुऱ्याउन विशेष योजना तथा कार्यक्रम संचालन गरीने निति अवलम्वन गरिनेछ ।

२) सामुदायीक विद्यालयको शैक्षीक गुणस्तर सुधारमा जोड दिइनेछ । र विद्यालय,विद्यार्थी, शिक्षक संख्याको साथै भौतिक संरचनामा अनुपातिक सुधार तथा व्यवस्थापनका लागी बिशेष नीति अवलम्वन गरीने छ ।

३) यसै आ.व.मा सम्वन्धित निकायसंग सहकार्य र समन्वय गरि पुर्ण साक्षर गाउँपालिका घोषणा गरिनेछ ।

४) प्रत्येक विद्यालयमा वालविकास कक्षा अनिवार्य रुपमा सञ्चालन गरिनेछ ।

५) सामुदायीक विद्यालयका शिक्षकलाई पेशा प्रति जिम्मेवार वनाईन निति अवलम्वन गरिनेछ ।

६) विद्यालय प्रशासनलाई विशेष जिम्मिवारी बनाइने छ प्रशासन नेतृत्वको क्षमता र योग्ताको आधार मा फेर वदल गर्ने कार्य विधि बनाइने निति अवलम्वन गरिनेछ ।

७) ICT Based सामुदायिक शिक्षामा जोड दिइनेछ ।

८) व्यवसायीक र शिपमुलक शिक्षामा विशेष जोड दिदै बृहत अध्ययन गरी गाउँपालीका भित्र रहेका सामुदायीक विद्यालयहरुमा प्राविधिक धारका विषयहरु समावेश गर्न प्रोत्साहन गरीनेछ ।

९) निजी विद्यालय संचालन मापदण्ड वमोजिम भए नभएको सो को प्रभावकारीता अनुगमन मुल्याङ्कन गरिने छ र निजि विद्यालय र सामुदायीक विद्यालयका विच को शैक्षिक दुरी कम गर्ने किसिमका कार्यक्रमहरु आयोजना गरीने छ ।

१०) प्रत्येक विद्यालयमा कम्प्युटर शिक्षा विस्तार गर्ने निति अवलम्वन गरिनेछ ।

नर बहादुर बोहरा
अध्यक्ष

Scanned with CamScanner

११) निजि स्रोत बाट अध्यापन गराउने शिक्षकहरुलाई पि.सि.एफ मार्फत तलबमा बजेट खर्च निरन्तरता गरिने छ ।

१२) प्रत्येक वडामा रहेका सामुदायिक विद्यालयहरु मध्य <u>**एक वडा एक नमुना**</u> **विद्यालय** बनाउनमा जोड दिईने छ ।

१३) पालिकाको शिक्षा सुद्धिकरण गर्नका लागि विभिन्न सरोकार वालासँग सहकार्य गरी अगाडी बढाईने छ ।

## ख) स्वास्थ्य

गुणस्तरिय स्वास्थ्य सेवामा सबै नागरिकको पहुच पुग्ने गरि निशुल्क आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न तपसिल बमोजिम को स्वास्थ्य निति तथा योजना अवलम्बन गरी कार्यान्वयन मा ल्याइने छ ।

१) सबै नागरिकलाई आधारभुत स्वास्थ्य सेवाको पहुँचमा वृद्धि गरी नेपाल सरकारले तोकीएको बमोजिम निशुल्क स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ ।

२) स्वास्थ्यमा सर्वव्यापी पहुँचको अवधारण अनुरुप प्रर्वधनात्मक, प्रतिकारात्मक र उपचारात्मक स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरिय बनाउन उचित नीति लिईएको छ ।

३) सुरक्षित मातृत्व कार्यक्रम लाइ प्रभावकारि ढंगले संचालन गरि पुर्ण गर्भ जाँच तथा पुर्ण संस्थागत सुत्केरी कार्यक्रम लाइ अभियानका रुपमा संचालन मा ल्याइने छ।

४) स्वास्थ्य सेवालाई सर्वसुलभ प्रभावकारी तथा गुणस्तरिय बनाउन स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य केन्द्र/वर्थिंग सेन्टरको सेवा विस्तार र स्तरोन्तति गरिनेछ ।

५) बालबिबाह न्युनिकरण अन्तरगत <u>**बिहे बारी बिस वर्ष पारी**</u> अभियानका लागि सतेतना मुलक क्रियाकलाप संचालन गरिने छ । बालबिबाह सम्बन्धी कानुन लाइ प्रभावकारि बनाइ कार्यान्वयन गरिने छ .

६) खाद्यपदार्थको गुणस्तर अनुगमन तथा नियमन गर्न पदीय संरचना वनाई अनुगमन तथा सुपरीवेक्षण गर्ने व्यवस्था गरिनेछ ।

७) महामारी तथा प्रकोपजन्य रोग व्यवस्थापन सम्वन्धी आवश्यक कोषको स्थापना गरिनेछ । कोभिड १९ को रोकथाम तथा नियन्त्रण र यसले पार्ने प्रभावका लागि आवश्यक नीति अवलम्बन गरिनेछ ।

८) पूर्ण सरसफाईको अवधारणा अनुसार "**एक घर एक चर्पि, एक घर एक च्याँड जुड्यानको**" नीति अवलम्बन गरिनेछ ।

९) धुम्रपान तथा मद्यपान जन्य पदार्थ ओसार–पसार, उत्पादनमा रोक लगाई त्यसको प्रयोगमा न्यूनिकरण गर्दै निषेधको नीति अवलम्बन गरिनेछ ,

१०) गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच वृद्धिका लागि विषशज्ञ स्वास्थ्य शिविर संचालन गरिनेछ ।

र बहादुर बोहरा

११) म.स्वा.स्व.सेविकाको सेवालाई थप सदृढीकरण गरिनेछ ।

१२) एम्बुलेन्स सेवा संचालनका लागि एम्बुलेन्स खरिद गरिनेछ ।

१३) सुरक्षित मातृत्व सेवा (SBA) प्रभावकारी वनाउन तालिममा लगानी गरी दक्ष स्वास्थ्य कर्मि उत्पादन गरिनेछ ।

१४) स्थानीय तहमा सुविधा सम्पन्न डाक्टर सहित ५ वेडको अस्पताल निर्माणका लागि सम्वन्धित निकायमा पहल गरिनेछ ।

## ग) खानेपानी तथा सरसफाई

१) खानेपानी मुहानको खोजी र संरक्षण गरि साझा स्वामित्व स्थापना गरिने नीति अवलम्वन गरीने छ ।

२) गाउँपालिका भित्रका सम्पुर्ण घरधुरीलाई "एक घर एक स्वच्छ खानेपानी धाराको" नीतिलाई निरन्तरता दिईने छ ।

३) खानेपानी तथा सरसफाई समितिलाई अझ वढी उत्तरदायी वनाइनेछ ।

४) एक चोटी निमार्ण भएका तर विचमा विग्रेका खाने पानीको पूर्ण मर्मत सम्भार गर्ने निति अवलम्वन गरिने छ ।

५) ढल निकासको उचित व्यवस्थापन गरिनेछ ।

६) सार्वजनीक शौचालय निर्माण गर्ने निति अवलम्वन गरिने छ ।

७) खाने पानी योजना पास गर्नु पहिले मुहान गाउपालीमा अनिवार्य दता गर्ने निति अवलम्वन गरिनेछ ।

## घ) युवा तथा खेलकुद

१) स्वस्थ तथा अनुशासित नागरिक समाजको सिर्जना गर्न खेलकूद विकासमा जोड दिइने छ ।

२) गाउँपालिका अध्यक्ष कप प्रतियोगिता आयोजना लाई निरन्तरता दिईने छ ।

३) खुला खालि सार्वजनीक जग्गा खेलकुदका लागि उपयोग गर्ने नीति लिइनेछ ।

४) राष्ट्रिय तथा अन्तराट्रिय रुपमा खेलीने विभिन्न खेलहरु यस गाउँपालिकामा खेल विस्तार गरिने छ र सो का लागी अववश्यकता अनुसार वजेट विनियोजन गरिने छ ।

५) सुर्मा खेलकुद विकास समितिलाई सशक्त र प्रभावकारी ढंगले अगाडी वढाईने छ ।

६) नमुना संसद अभ्यास कार्यक्रमलाई निरन्तरता दिदै युवाको नेतृत्व विकासमा जोड **दिईने** छ ।

जर बहादुर बोहरा
अध्यक्ष

ङ) सामाजिक सुरक्षा

१) सामाजीक सुरक्षा भत्ता घुम्ती सेवा मार्फत वितरणको व्यवस्था मिलाइनेछ

२) महिला हिन्सा न्युनिकरण र लैङ्गिक विभेदको अन्त्य गरिनेछ ।

३) अपाङ्ग,दलित असहायको सामाजिक जीवनको सुरक्षाको सुनिश्चित गरिनेछ ।

४) जेष्ठ नागरिकको सम्मान, अभिनन्दन र अनुभवको साटासाट कार्यक्रम सँञ्चालन गरिने छ ।

५) **बृद्ध वृद्धा सम्मान/**बृद्ध बृद्धा हाम्रो देशका पुजि हुन वहाहरुको सम्मान गर्दै उमेर पाकेका र अन्य काममा संलग्न हुन नसक्ने उमेर भैसकेका हरुलाई दिनभरी एकै स्थानमा बस्दै आफन्त भेट्ने, रमाइलो गर्ने र कुराकानी गर्ने, धार्मीक प्रवचन, भजन कृतन आदीको व्यवस्थापनका लागि "विश्राम हल" स्थानको व्यवस्था गरिने छ । सो को सुरुवात ४ नं वडामा यसै आव देखि संचालन गरिनेछ ।

➢ **महिला**

१) महिलाहरुको सामुदायिक संस्था, सहकारी तथा संजालहरुको विकास सशक्तिकरण आयआर्जन तथा सीप क्षमता अभिवृद्धिका लागि विषेश योजना बनाई कार्यान्वयन गरिनेछ ।

२) लैङ्गिक हिंसा, घरेलु हि+सा मानव वेचविखन, विभेद तथा असमानता विरुद्ध जनचेतना अभिवृद्धि गर्न अन्तराष्ट्रिय श्रमिक महिला दिवस,लैङ्गिक हिंसा विरुद्ध दिवशहरु संचालन गरिनेछ ।

४) महिलालाई सिप र रोजगारी मा समान अवशर उपलब्ध गराई समान कामको समान ज्याला कार्यन्वयन गर्न स्थानिय कानुन वनाई लागु गरिने छ ।

५) राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा निर्माण भएका नियम कानुनहरुको यस गाऊँपालिकामा पूर्ण कार्यन्वयन गर्ने प्रतिवद्धता जाहेर गर्दछ।

# दलित

दलित तथा सिमान्तकृत वर्गको उत्थानको लागि उच्चस्तरिय समिती बनाएर कायक्रम बनाई लागु गरिने छ । जातीय भेदभाव कसुर सजायँ ऐनलाई प्रभावकारी कार्यान्वयन गर्न गाउँ पालिकाले विशेष व्यवस्था गरिने छ । हरेक वडामा दलितहरुको सामुहिक आय आर्जनको कार्यक्रम लागु गरिने छ । परम्परागत पेसा लाइ आधुनिक प्रविधियुक्त बनाइ वजार प्रबर्द्धन गर्न सघाउ पुरयाउने खालका आय आर्जन मुखि कार्यक्रम ल्याइने छ।

➢ **बालवालिका**

१) वालबालिकाको विकासका लागि बाल मैत्री अभियान संचालन मार्फत वाल मैत्री स्थानिय शासनका लागि आवश्यक सुचकहरु यसै वर्ष देखि अवलम्वन गरिनेछ ।

२) बालश्रम निवारणका लागि गुरु–योजना तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

नर वहादुर बोहरा
अध्यक्ष

Scanned with CamScanner

३) दृष्य विहिन तथा अपाङ्गता भएका वालवानिकाको लागि विशेष कार्यक्रम बनाएर लागु गरिने छ ।

४) वालमैत्री तथा अपाङ्गमैत्री वातावरणको व्यवस्था गरिने छ ।

५) विद्यालय तथा वडा स्तरमा वाल क्लवहरु गठन गरि गाउ स्तरीय वाल संजाल निर्माण गरिनेछ ।

६) हरेक सार्वजनिक निर्माण वालमैत्री हुनु पर्ने निति अवलम्वन गरिने छ ।

## अपाङ्गता

१) सार्वजनिक स्थान, कार्यालय र विद्यालयहरुमा अनिवार्य रुपमा अपांगता मैत्री संरचना निर्माण गरि यस्ता कार्यालयहरुको शौचालय महिला मैत्री , वालवालिका मैत्री, अपाङ्ग मैत्री बनाइने छ ।

२) अपाङ्गता पहिचान, वर्गिकरण तथा सुविधा र सहयोगको लागि गाउँपालिका स्तरमा नै समिती वनाइ कार्यविधि बनाई लागु गरिने छ ।

३) अपाङ्गता भएका व्यक्तिहरुको सिप तथा क्षमता अभिवृद्धि गरी उद्यमशिलता प्रवर्दन गर्न प्रोत्साहन गरिने छ ।

## सुचना र संचार

१) सूचना सम्प्रेषणलाई विश्वसनीय र मर्यादित बनाउन संचार संस्था तथा संचारकर्मीहरुसंग सहकार्य गरिनेछ ।

२) गाउँपालिका भित्र संचालित कार्यक्रम तथा क्रियाकलापहरुको सुचना, जानकारी, उपलब्धि तथा समस्याका जनतालाई सुसुचित गराउन सुचना **मार्फत सम्प्रेशण** गरिनेछ ।

४) सेवा प्रवाहलाई प्रभावकारी रुपमा संचालन गर्नका लागि गाउँपालिका अन्तगतका वडा कार्यालयहरुमा टेलिफोन, इमेल, ईन्टरनेटको व्यवस्था मिलाउने र सूचना तथा जानकारीका लागि गाउँपालिकाको सुचना पाटीमा टाँस गरिने छ ।

५) कार्यालयवाट प्रदान गरिने सेवाका वारेमा नागरिकको जानकारीका लागि सवै वडा कार्यालयमा नागरिक वडापत्रको व्यवस्था गरिने छ । गाउँपालिकावाट संचालित रु.१ लाख सम्मका योजनाको फरफारक गर्दा वडाध्यक्षको उपस्थितीमा सार्वजनिक परिक्षण गरेर मात्र भुक्तानीको व्यवस्था गरिने छ भने सो भन्दा माथिका योजनाहरुको सम्वन्धमा गाउँकार्यपालिकाले तोकेको सदस्यको उपस्थितिमा सार्वजनिक परिक्षण गरेर सोका आधारमा मात्र योजना फरफारक गर्ने व्यवस्था **गरिने छ** ।

## ➢ सुशासन र सेवा प्रवाह

१) जनतावाट निर्वाचित जनप्रतिनिधिहरु जनताप्रति जवाफदेहि हुदै दैनिक कार्य संचालन गर्ने वातावरणको सृजना गर्ने नीति अवलम्वन गरिनेछ।

२) गाउँपालिका भित्र भ्रष्टाचारमा शुन्य सहनशीलता नीति लिईनेछ ।

३) सार्वजनिक खर्चको वित्तीय जवाफदेहिता सुनिश्चित आन्तरीक खर्चलाई चुस्त बनाईनेछ । कार्यालयवाट हुने सवै भुक्तानी बैक मार्फत हुने व्यवस्था मिलाइनेछ ।

...र बहादुर बोहरा
अध्यक्ष

Scanned with CamScanner

➤ सुकुम्वासी व्यवस्थापन

१) जग्गा नभएर घर बस्न नसकेकाहरुलाई एकिन गरी त्यस्ता जग्गा विहिनलाई एकै बस्तीमा बस्ने व्यवस्थाका लागि पहल गरिने छ ।

➤ मजदुर लक्षित कार्य

१) यस पालिका भित्र अत्यन्तै जोखिमपूर्ण कार्य गर्ने मजदुरहरुको जिवन रक्षाका लागि मजदुरहरुको पहिचान र अभिलेखिकरण थालनी गरिनेछ ।

➤ सामाजिक समावेशीकरण

१) यस गाउँ पालिकामा कुनै पनि नागरिकले जाति धर्म, वर्ग लिङ्ग र भुगोलको आधारमा हेपिएको महशुस गर्नु पर्ने छैन । राज्यका श्रोत साधनहरुलाई समावेसी वितरण प्रणालीका आधारमा विनियोजन गरिने व्यवस्था मिलाईनेछ । सबै क्षेत्रमा समावेशी प्रतिनिधित्वलाई सुनिश्चितता गरिने छ ।

## ३) पूर्वाधार विकाश

### क) सडक

१) गाउँपालिका भित्रका सबै ग्रामिण सडकहरु क्षेत्र सिमाङ्कन गरि अनावश्यक सडक खन्ने कार्यलाई निरुत्साहित गरिनेछ ।

२) सबै वडाको पहुँचका लागि सडक ट्याक खोलीने नितिलाई निरन्तरता दिईएने छ र ग्रामिण शाखा सडकको स्तर उन्नती गरी धनिधारा, नाउला बिछडा सडक र दौलिगाड देखि सुर्मा हुदै सैनगाउँ काँढा सम्म यसै वर्ष ग्राभिलका लागि रकम विनियोजन गरिने छ ।

३) स्थानीय सडकको उचित मापदण्डको आधारमा स्तरोउन्नी गरिनेछ

४) सबै खाले सडकको तल माथि छेउछाउमा वृक्षारोपण गरि हरियाली सडक को निति अवलम्बन गरिने छ ।

५) गोरेटो र घोरेटो बाटोहरुलाई मर्मत संम्भार र निर्माण गर्ने निति अवलम्बन गरिने छ ।

६) सुर्मा सरोवर जोड्ने मुख्य सडकको पहिचान गरी गाउँपालिकाको साझेदारीमा सम्बन्धित सरोकारवाला सँग समन्वय गरी बजेट व्यवस्था गरिने छ ।

### ख) सिचाई

१) फोहरा सिचाई सतह सिचाई र थोपा सिचाई निति अवलम्बन गरिने छ ।

२) पोखरी सिचाईमा जोड गरिनेछ ।

नर बहादुर बोहरा
अ…

३) लिफ्टसिचाइको प्रविधी मार्फत विकास र उपयोग निति अबलम्बन गरिनेछ।

४) पुराना सिचाई कुला तथा नहर हरुलाई मर्मत संभार गरिने निति अबलम्बन गरिने छ।

**ग) भवन तथा शहरी विकास**

१) गाउपालिका प्रशासकिय भवन, वडा कार्यालयहरु र विषयगत क्षेत्रका कार्यालयहरु निमार्णका लागी विशेष निति अबलम्बन गरिने छ।

२) राष्ट्रिय भू-पयोगकोनीति लागु गरि आवास निर्माणलाई सुरक्षित बनाई व्यवस्थीत गाउपालिका निर्माणमा जोड दिइनेछ।

३) कानुनी आधारमा गाउपालिकालाई हस्तान्तरण भएका भवनको उचित व्यवस्थापन गरिनेछ।

४) गाउँपालिका क्षेत्र भित्रका ग्रामिण क्षेत्रमा पूर्वाधार विकास गरि शहरीकरण गरिनेछ।

५) सार्वजनीक जमीन मिचेर घर निर्माण गर्ने कार्यलाई निरुत्साहित गरि सार्वजनीक जमीनको लगत लिई संरक्षणमा जोड दिइनेछ।

६) एक भवन पाँच विरुवा रोपी हरीयाली गाउँपालिका जोड दिइने छ।

१४) नेपाल सरकार, अन्य दातृ निकायको सहयोग र समन्वयमा निर्माण गरिने उक्त गाउपालिका पूर्वाधार, जस्तै रंगशाला, ,प्राविधिक शिक्षालय,धार्मिक तथा पर्यटकीय पूर्वाधार निर्माणमा पहल गरिनेछ।

**घ) सुचना, संचार तथा प्रविधी**

१) गाउँपालिका भित्रका ग्रामिणक्षेत्र सम्म गुणस्तरीय Internet सेवा विस्तारमा पहल गरिनेछ।

२) गाउपालिका मा वोइव साईट (Web side) मार्फत काम गर्न व्यवस्था मिलाईने छ।

३) गाउपालिका स्तरमा सञ्चार तथा सुचना केन्द्रको स्थापना गरिनछ।

४) गाउँपालिकाबाट सेवा प्रवाह हुने सम्पुर्ण कियाकलापहरु डिजिटाईजेसन गर्न आवश्यक प्रविधि, उपकरण खरिद गरी कार्यान्वयनमा ल्याईने छ।

**ङ) वैकल्पीक उर्जा, साना जलविधुत सहित**

१) वैकल्पीक उर्जाको अध्ययन र विकासका साथै गाउँ बस्ती सम्म विस्तार गरिनेछ।

२) सडक सौर्यबत्ती विस्तार गरिनेछ।

३) केन्द्रिय प्रसारण लाईनलाई प्रत्येक गाउ बस्ती विस्तारका लागी विशेष पहल गरिने छ ।

नर बहादुर बोहरा
अध्यक्ष

Scanned with CamScanner

४) सौर्य सिचाई प्रणाली अवलम्बन गर्न सरकारी,गैरसहकारी संस्थासँग समन्वय गरी निर्माण गरिने योजनामा आवश्यक बजेटको व्यवस्था गरिने छ ।

## ४) वातावरण तथा विपद व्यवस्थापन

### क) वन तथा भू-संरक्षण

१) बढ्दो वन विनासको नियन्त्रण र भु–संरक्षणमा जोड दिइनेछ ।

२) वन उद्यान विकासमा जोड दिइनेछ ।

३) वन संरक्षणमा सवैको सहभागिता जुटाईनेछ ।

४) प्रत्येक घरधुरी मा सुधारीयको चुलो प्रयोग गर्ने निति अवलम्बन गरिने छ ।

५) सार्वजनीक प्रति, वाटो, चौतारी,परम्परागत धार्मीक पर्यटकीय, खुला क्षेत्रको सिमाङ्कन गरी वनको संरक्षण गरिनेछ ।

६) सामुदायीक वनउपभोक्ता समितिको क्षमता विकासमा जोड दिइ अफ वढी जिम्मेवार वनाईनेछ ।

७) वायु इनजिनियररिड प्रविधि निति अवलमबन गरिने छ ।

८) नाङ्गा र खाली डाडाकाडा तथा सवै भु भागमा वृक्षारोपण गरि हरियाली गाउपालिकाको रुपमा चिनाइने छ ।

९) यस गाउपालिका भित्रका सवै प्रकारका वनहरु लाई नियमन , नियन्त्रण , संरक्षण र व्यवस्थापनका लागी विशेष निति अवलम्बन गरिने छ ।

### ख) जलवायु परिर्वतन

- बढ्दो जलवायु परिर्वन वारे गाउँपालिका वासीलाई सुसुचित तुल्याई जलवायु परिर्वतन न्यूनीकणका लागी विशेष निति अवलम्बन गरिने छ ।

### ग) जल उत्पन्न प्रकोप नियन्त्रण

१) बस्ती व्यवस्थापन,ढल निकासलाई व्यवस्थीत गर्दै प्रकोप नियन्त्रणमा सरोकारवाला सवै संग सहकार्य र समन्वय गरिनेछ ।

२) भुक्षयका लागि तटबन्धनको प्रभावकारी व्यवस्था गरिने छ ।

### घ) बिपद् व्यवस्थापन

१) प्राकृतिक प्रकोप बाट क्षतिग्रस्त खानेपानी तथा सरसफाइका संरचनाहरुको पुनर्निर्माणलाई उच्च पार्थमिकतामा राख्दै अगाडी वढिने छ ।

नर बहादुर बोहरा
अध्यक्ष

Scanned with CamScanner

@_ विपद् व्यवस्थापनको लागि विद्यमान संस्थागत संरचनाहरूलाई खोज, उद्धार तथा राहत कार्यका लागि संस्थागत सुदृढीकरण एवं क्षमता अभिवृद्धिमा जोड दिइने छ । विपद् व्यवस्थापनलाई विकासमा मूल प्रवाहीकरण गरिनेछ ।विपद् व्यवस्थापनको पूर्वतयारी, तथा प्रतिकार्य योजना बनाइ लागु गरिने छ ।

३) तटबन्धनको उचित व्यवस्था गरिने छ ।

४) विपद व्यवस्थापन बारे व्यापक जनचेतना फैलाउनमा जोड दिइनेछ ।

५) विपद् व्यवस्थापन बारे पूर्व तयारीबारे जानकारी संयन्त्र निर्माण गरिनेछ ।

६) प्रत्येक वडामा उद्धार,राहत पुनःस्थापना समिति निर्माण गरिनेछन् ।

७) विपद् व्यवस्थापन गाउँपालिका कार्य योजना निर्माण गरिनेछ ।

**५) संस्थागत विकास सेवा प्रभाव र सुशासन**

**क) मानव संसाधन विकास**

१) कर्मचारी भर्नामा योग्यता प्रणाली अपनाईनेछ

२) अन्य निकायबाट समायोजन हुन आउने जनशक्तिलाई आवश्यकता र क्षमताका आधारमा स्वीकारीने व्यवस्था गरिनेछ ।

३) कर्मचारीको वृति विकासमा उचित ध्यान दिइनेछ ।

४) कामको मुल्याङ्कनको आधारमा उत्कृष्ट वडा ,वडा अध्यक्ष , सभा सदस्य र कर्मचारी लाई विशेष पुरस्कारको व्यवस्था गरिनेछ ।

५) कर्मचारीको क्षमता अभिवृद्धी र सेवा सुविधामा न्यायो चित व्यवहार गरिने छ ।

६) गाउँपालिकाका स्थायी,अस्थायी र करार का कर्मचारीको कामको आधारमा मुल्याङ्कन गरि सेवामा निरन्तरता दिइनेछ ,

७) कर्मचारी अनुशासन नरहने र व्यावसायीक क्षमता र आचरण नभएकोलाई गुण र दोषको आधारमा व्यवहार गरिनेछ ।

८) वडा कार्यालयको भवन निर्माण प्राथमिकताका आधारमा गरी कर्मचारी व्यवस्थापन र भौतीक व्यवस्थापन गर्दै लगीनेछ ।

९) का स मु लाइ प्रभावकारी बनाईनेछ ।

१०) आन्तरीक अनुशासन र क्षमता अनुसार जिम्मेवारी दिइनेछ ।

नर बहादुर बोहरा
अध्यक्ष

Scanned with CamScanner

११) सडकवाट टिप्ने र टिका थाप्ने तथा आस्थाको आधारमा सेवा प्रवाह गर्ने कर्मचारीलाई काम र व्यवहारका आधारमा सजाय भागी अनिवार्य वनाईनेछ ।

१२) कार्यालयको मर्यादा Chain of command र नैतिकतामा नरहने कार्यालय समयमा सेवा प्रवाहमा लापरवाही गर्ने तर वृती विकास खोज्ने र जिम्मेवारीमा निष्ठावान नहुने कर्मचारी उपर हदै सम्मको कारवाही गर्न पछि नपर्ने नीति लिइनेछ ।

१३) कर्मचारी प्रतिको हिजोको जस्तो जुन आसंका छ सो को निराकरण गरि सभ्य,मर्यादित, अनुशासित ,नैतिक कर्मचारी सेवाको विकास गरिनेछ ।

१४) कर्मचारीहरुलाई गाउपालिकाले परिचालन गर्नको लागी विषयगत क्षेत्र अनुसार कार्य योजना र J D बनाई परिचालन गर्ने निति अवलम्वन गरिने छ ।

१५) कर्मचारीको क्षमता विकासमा अध्ययन अनुसन्धान तालिम भ्रमण अनुभव साटासाटको व्यवस्था मिलाईनेछ ।

१६) गाउँपालिकामा कार्यरत राष्ट्र सेवक कर्मचारीको मनोवल उच्च राखि सेवा प्रवाहमा गुणस्तरीयता कायम राख्न हालको तलवमानमा आवश्यक प्रोत्साहनका लागि थप वजेटको व्यवस्था गरिने छ ।

**ख) सुरक्षा व्यवस्था**

१) गाउपालिका केन्द्रमा प्रहरी चौकीको भवन निर्माणका लागि पहल गरिने छ ।

२) सुर्मा प्रहरी चौकिलाई क वर्ग को ईलाका प्रहरी चौकी मा विस्तार गर्नका लागी विशेष पहल गरिने छ ।

३) सुरक्षाकर्मीलाई जनता का सेवामा सधै क्रियाशिल भए काम गर्न सर्मपित गराईने निति अवलम्वन गरिने छ ।

४) जनतालाई शान्ति सुरक्षाको आभास गराउन सामाजमा भएका गैर कानुनी , जनविरुद्धि जनतालाई प्रतिकुल प्रभाव तथा असर पर्ने कामहरुलाई नियन्त्रण र निशेषध गर्न विशेष निति अवलम्वन गरिनेछ ।

**६) वित्तिय व्यवस्थापन र सुशासन**

**क) लेखाङ्कन, वित्तिय परिचालन**

१) आर्थिक प्रशासन संचालन प्रविधिमा जोड दिइनेछ ।

२) वित्तिय सदाचारीतामा जोड दिइनेछ ।

३) पंजिकरणलाई प्रविधी मैत्री वनाउदै लगिनेछ ।

नर बहादुर बोहरा
अध्यक्ष

Scanned with CamScanner

४) कार्यक्रमका सम्पूर्ण कामकारवीहीलाई कम्प्युटरकृत गरिनेछ । सोको दिर्घकालीन सुरक्षामा जोड दिइनेछ ।

५) सुचनाको हकको सुनिश्चित गरिनेछ ।

६) गाउँपालिकावाट संचालित हरेक विकास योजना क्रियाकलाप र कार्यक्रमको सार्वजनिक परिक्षण,सार्वजनिक सुनुवाई सार्वजनिक लेखा परिक्षणमा निरन्तरता दिइनेछ र अनिवार्य बनाइने छ ।

**ख) तथ्याङ्क संकलन**

१) दिर्घकालीन गुरुयोजना निर्माण गरिनेछ ।

२) प्रत्येक जनप्रतिनिधी तथा कर्मचारीलाई तथ्याङ्कमा जिम्मेवार वनाईनेछ ।

३) आन्तरकि नियन्त्रण प्रणालीलाई प्रभावकारी वनाइनेछ

**ग) वित्तिय जोखीम र आन्तरीक लेखापरिक्षण**

१) वित्तिय जोखीम न्युन गरिनेछ ।

२) आन्तरीक लेखा परिक्षण शाखालाई व्यवस्थीत गरिनेछ ।

**७) विविध**

१) यस वर्ष गाउँपालिकाले अध्ययन अनुसन्धान वर्षको रुपमा लिइ विभिन्न सम्भावित क्षेत्रको अध्ययन अनुसन्धानमा जोड दिइनेछ ।

**यस आ.व. २०७८।०७९ को लागी संघिय सरकार वाट वित्तिय हस्तान्तरणवाट प्राप्त समानिकरण रकम रु ७ करोड ४७ लाख, प्रदेश .वित्तिय समानीकरण अनुदान रकम रु ५१ लाख १६ हजार राजश्व वाँडफाँड संघीय सरकार बाट वित्तिय हस्तान्तरण चालु अनुदान रकम रु ५ करोड ८७ लाख ७६ हजार मात्र राजश्व बाँडफाँड प्रदेश सरकार चालु रकम रु ७ लाख ४ हजार र संघीय सरकार बाट वित्तिय हस्तान्तरण ससर्त रकम रु ९ करोड ३१ लाख मात्र गरि जम्मा रु २३ करोड २३ लाख ९६ हजार र आन्तरकि आयबाट प्राप्त रकम रु. १८ लाख र गत आ.व.को वचत रकम रु. २० लाख गरि कुल आय रु. २३ करोड ६१ लाख ९६ हजार को बजेट तथा कार्यक्रम तयार गरेको छु । विनीयोजन तर्फ चालु खर्च रकम रु १५ करोड २६ लाख र कार्यक्रम तथा पुजिंगत तर्फ रु. ८ करोड ३५ लाख ९६ हजार को बजेट प्रस्ताव गरेको छु ।**

**धन्यवाद**

नर बहादुर बोहरा
अध्यक्ष

Scanned with CamScanner